# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३२) काठमाडौं, साउन ३२ गते २०३९ साल (संख्या १८

श्री ५ को सरकार

### वन तथा भू-संरक्षण मन्त्रालयको

### सूचना

श्री ५ को सरकारले देहायका वनक्षेत्र सुदृढीकरण अधिकार सम्पन्न समितिहरूको कार्यावधि देहायबमोजिम थप गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

(१) खण्ड ३१, मिति २०३८।९।१७, अतिरिक्ताङ्क ५६ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित यस मन्त्रालयको सूचनाबमोजिम गठित कन्चनपुर जिल्ला वनक्षेत्र सुदृढीकरण अधिकार सम्पन्न समिति र कैलाली जिल्ला वनक्षेत्र सुदृढीकरण अधिकार सम्पन्न समितिहरूको कार्यावधि २०४० साल पौष मसान्तसम्म थप गरिएको छ ।

(२) खण्ड ३१, मिति २०३८।१२।१, अतिरिक्ताङ्क ६७ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित यस मन्त्रालयको सूचनाबमोजिम गठित झापा जिल्ला वनक्षेत्र सुदृढीकरण अधिकार सम्पन्न समिति, मोरङ-सुनसरी जिल्ला वनक्षेत्र सुदृढीकरण अधिकार सम्पन्न समिति र भेरी अञ्चल बाँके बर्दिया जिल्ला वनक्षेत्र सुदृढीकरण अधिकार सम्पन्न समितिहरूको कार्यावधि २०४० साल फागुन मसान्तसम्म थप गरिएको छ ।

आज्ञाले,

एमरल्ड ज. ब. राणा

श्री ५ को सरकारको का.मु. सचिव

289

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

282

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।